स्वीकृत मिति २०८३।२।२१

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८३

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १२ को उपदफा (२) बमोजिम राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष नाम सिफारिस गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा दुईजना विज्ञ सहितको समिति नेपाल सरकार,मन्त्रिपरिषद्को मिति २०८३।२।१९ को निर्णयानुसार गठन भएकोले उपयुक्त व्यक्तिको छनौट गरी नाम सिफारिस गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १२ को उपदफा (२) बमोजिम गठित समितिको कार्यसम्पादनको लागि सिफारिस समितिले यो कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **कार्यविधिको नाम र प्रारम्भः (१)** यस कार्यविधिको नाम "राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट प्रक्रिया सम्वन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १२ को उपदफा (२) बमोजिम गठित समितिबाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "कार्यकारी प्रमुख" भन्नाले प्राधिकरणको प्रशासकीय प्रमुखको कार्य गर्न सिफारिस समितिबाट सिफारिस भई नेपाल सरकारबाट नियुक्त हुने कार्यकारी प्रमुख सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ सम्झनुपर्छ।

(घ) "प्राधिकरण" भन्नाले ऐनको दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले ऐनको दफा १२ को उपदफा (२) बमोजिम गठन भएको प्राधिकरणको कार्यकारी प्रमुखको नियुक्तिको लागि सिफारिस गर्न गठन भएको सिफारिस समिति सम्झनुपर्छ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिका संयोजक समेतलाई जनाउँछ।

परिच्छेद-२

## समितिको बैठक र उम्मेदवारको योग्यता सम्बन्धी व्यवस्था

**३. बैठक सम्वन्धी कार्यविधिः** (१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको लागि संयोजक सहित एक्मतीमा एक जना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय उपस्थित संयोजक र सदस्यको सर्वसम्मतिमा हुनेछ। कुनै अवस्थामा सर्वसम्मत हुन नसकेमा समितिका संयोजक सहितको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिने छ।

(६) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य थप व्यवस्था समितिको निर्णयबाट निर्धारण भए बमोजिम हुनेछ।

**४. प्राधिकरणको कार्यकारी प्रमुख पदका लागि योग्यताः** (१) ऐनमा उल्लेखित योग्यताका अतिरिक्त प्राधिकरणको कार्यकारी प्रमुख पदमा नियुक्तिको लागि दरखास्त दिन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधी प्राप्त गरेको,

(ग) पैतीस वर्ष उमेर पूरा भएको र पचपन्न वर्ष ननाघेको,

(घ) विपद् व्यवस्थापनको क्षेत्रमा अधिकृतस्तर वा सोभन्दा माथिल्लो स्तरमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(च) कुनै राजनैतिक दल वा त्यस्ता राजनीतिक दलको संगठनको सदस्यता नलिएको,

(छ) अन्य कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमती नलिएको,

(ज) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको, बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा सरकारलाई बुझाउनुपर्ने कर बक्यौता बाँकी नरहेको।

(२) उपदफा (१) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिम अयोग्य नभएको भनी आवेदकले स्वघोषणा गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ।

परिच्छेद-३

## दरखास्तको सूचना, सोचपत्र र छनौट विधिसम्बन्धी व्यवस्था

**५. दरखास्त पेश गर्ने सूचनाको प्रकाशनः** (१) समितिले प्राधिकरणको कार्यकारी प्रमुख पदमा नियुक्तिका लागि सिफारिस गर्न संवत् २०८३ साल जेष्ठ महिना २२ गतेदेखी संवत् २०८३ साल असार महिना १ गतेसम्मको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा एकपटक सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना नेपाल सरकार, गृह मन्त्रालय र प्राधिकरणको वेभसाइटमा समेत प्रकाशन गरिनेछ।

**६. दरखास्त दिने समयावधिः** (१) ऐन र यस कार्यविधि बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचनामा तोकिएको समयभित्र तोकिएको निकायमा कार्यालय समयभित्र आफ्नो योग्यता र अनुभव खुल्ने कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) दरखास्त फारममा उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँस गरी फोटो र दरखास्त फारममा पर्ने गरी दस्तखत गरेको हुनुपर्नेछ।

(३) दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त दिन सकिनेछ।

**७. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातः** उम्मेदवारले दरखास्तका साथ देहाय बमोजिमका कागजात समावेश गर्नु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको उम्मेदवार स्वयम्बाट प्रमाणित प्रतिलिपि,

(ख) शैक्षिक योग्यता तथा सम्बन्धित विषयमा तालिम हासिल गरेको भए सो सम्बन्धी विवरण उम्मेदवार स्वयम्बाट प्रमाणित कागजात,

(ग) विभागीय स्वीकृति आवश्यक पर्नेको हकमा स्वीकृति पत्र,

(घ) तोकिएको कार्य अनुभव सम्बन्धी उम्मेदवार स्वयम्बाट प्रमाणित कागजात,

(ङ) सम्बन्धित उम्मेदवार स्वयम्बाट हस्ताक्षरित व्यक्तिगत विवरण,

(च) उम्मेदवार आफ्नो हस्ताक्षरसहितको स्वघोषणा पत्र,

(छ) बैङ्कमा जम्मा गरेको दरखास्त दस्तुरको प्रमाण।

**८. सोच पत्र र व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेः** (१) उम्मेदवारले दरखास्तसाथ प्राधिकरणको उद्देश्य प्रभावकारी ढंगले परिपूर्ति गर्न सक्ने तथा प्राधिकरण सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सम्बन्धी सोच पत्र (Vision Statement) र पाँच वर्षको व्यावसायिक कार्ययोजना (Business Plan) पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सोचपत्र बढिमा २,००० (दुइ हजार) शब्द र व्यावसायीक कार्ययोजना बढिमा ५,००० (पाँच हजार) शब्दमा नबढाई नेपाली वा अङ्ग्रेजी भाषामा A4 साइजको कागजमा एकतर्फ मात्र टाइप गरी शिलबन्दी खाममा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सोचपत्र र व्यावसायिक कार्ययोजनाको कभर पेजमा शीर्षक, आवेदकको नामथर, वतन र सम्पर्क टेलिफोन, मोबाइल नं. तथा इमेल ठेगाना स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।

९. **<u>समितिले दरखास्त रद्द गर्न वा पुनःआह्वान गर्न सक्नेः</u>** (१) समितिले प्राप्त दरखास्तमध्ये रीत नपुगी परेका अथवा निर्धारित योग्यता नपुगेका दरखास्त रद्द गर्न सक्नेछ।

(२) समितिले दफा ५ बमोजिम निर्धारित समयावधिमा पाँच जना उम्मेदवारबाट रीत पूर्वकका दरखास्त नपरेको अवस्थामा पुनः दरखास्त आह्वान गर्न सक्नेछ।

१०. **<u>छनौट विधिः</u>** समितिले देहायबमोजिमका आधारमा उम्मेदवारको मूल्याङ्कन गरी योग्य उम्मेदवार छनौट गरी नेपाल सरकार समक्ष सिफारिस गर्नेछ:

(क) सोच पत्र र व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन,
(ख) सोच पत्र र व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कन,
(ग) शैक्षिक योग्यता, तालिम र अनुभवको मल्याङ्कन,
(घ) व्यक्तिगत अन्तर्वार्ता।

११. **<u>दरखास्तको स्वीकृतिः</u>** (१) प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि गृह मन्त्रालयबाट प्रकाशित सूचना अनुसार प्राधिकरणको कार्यकारी प्रमुख पदको लागि आवेदन दिएका उम्मेदवारमध्ये ऐनको दफा १२ र यस कार्यविधिबमोजिम निर्धारित योग्यता र प्रक्रिया पुऱ्याई रितपूर्वक दरखास्त पेश गर्ने उम्मेदवारहरूको दरखास्त स्वीकृत गरिनेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त स्वीकृत हुने उम्मेदवारको नामावली गृह मन्त्रालयको वेबसाइटमार्फत प्रकाशन गरिनेछ।

## परिच्छेद-५

## <u>मूल्याङ्कनका आधार र छनौट सम्बन्धी व्यवस्था</u>

१२. **<u>मूल्याङ्कनका आधार</u>**: (१) दरखास्त स्वीकृत भएका उम्मेदवारको मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछन्:

(क) मूल्याङ्कनको पूर्णाङ्क १०० अङ्कमा आधारित हुनेछ।
(ख) कुनै पनि उम्मेदवारले उत्तीर्ण हुन कम्तीमा ४० अङ्क प्राप्त गर्नु पर्नेछ।

(२) उम्मेदवारको शैक्षिक योग्यता, तालीम र अनुभवको प्राप्ताङ्क एवम् सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्यांकनको प्राप्ताङ्कसमेत जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढिमा पाँचजना उम्मेदवारहरुलाई छनौट गरी प्रस्तुतीकरण र अन्तर्वाताको लागि बोलाइनेछ।

(३) प्राधिकरणको कार्यकारी प्रमुखको छनौटका मापदण्ड (Selection criteria) र अङ्कभार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

१३. **<u>शैक्षिक योग्यता, तालीम र अनुभव वापतको प्राप्ताङ्क प्रकाशनः</u>** (१) समितिले प्राधिकरणको कार्यकारी प्रमुखको नियुक्तिका लागि दरखास्त दिने उम्मेदवारमध्ये दरखास्त स्वीकृत भएका उम्मेदवारको सोचपत्र

तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन प्रक्रिया आरम्भ गर्नु अगावै निजहरुको शैक्षिक योग्यता, तालीम र अनुभव वापतको प्राप्ताङ्क गृह मन्त्रालयको वेबसाइटमार्फत प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित प्राप्ताङ्कमा चित्त नबुझेमा त्यस्तो उम्मेदवारले प्राप्ताङ्क प्रकाशन भएको मितिले दुई दिनभित्र प्रमाण र पुष्ट्याई सहित गृह मन्त्रालयको प्रशासन महाशाखा मार्फत समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ। म्याद नाघी प्राप्त भएको निवेदन उपर कुनै कारवाही हुनेछैन।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने निवेदनको छानविन गरी प्रमाणको आधारमा समितिले सम्बन्धित उम्मेदवारको प्राप्ताङ्क संशोधन गर्न सक्नेछ। यसरी संशोधित प्राप्ताङ्क गृह मन्त्रालयको वेबसाइटमार्फत प्रकाशन हुनेछ।

१४. **सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनः** (१) प्राधिकरणको कार्यकारी प्रमुखको नियुक्तिका लागि दरखास्त दिने उम्मेदवारमध्ये दरखास्त स्वीकृत भएका उम्मेदवारको सोचपत्र तथा व्यावसायिक कार्ययोजनाहरुमा गोप्य तरिकाले साङ्केतिक चिन्ह दिई (कोडिङ्ग गरी) स्वीकृत रोष्टरमा समितिको एकजना सदस्य सहित तीनजना विज्ञ समाविष्ट गरी गोप्य तरिकाले मूल्याङ्कन गराइनेछ।

(२) उपदफा (१) बमोजिमको सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनकर्ताले छुट्टाछुट्टै फाराममा गोप्य तरिकाले मूल्याङ्कन गरी मूल्याङ्गन कार्य पूरा हुनासाथ मूल्याङ्कित सोचपत्र र व्यावसायिक कार्ययोजना तथा प्राप्ताङ्कको विवरण तत्काल शिलबन्दी गरी समितिलाई बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विज्ञबाट मूल्याङ्कन भइ आएका सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको साङ्केतिक चिन्हलाई डिकोड गरी गोप्य तरिकाले प्राप्ताङ्क सूची तयार गरिनेछ।

(४) शैक्षिक योग्यता, तालीम र अनुभव वापतको प्राप्ताङ्क एवं सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको प्राप्ताङ्क समेत जोडी सबैभन्दा बढि अङ्क प्राप्त गर्ने बढीमा ५ (पाँच) जना उम्मेदवारलाई सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि छनौट गरिनेछ।

(५) छनौट गरिएका उम्मेदवारको नामावली सहित सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मिति, समय र स्थानको जानकारी निजहरुलाई गृह मन्त्रालयको वेबसाइट मार्फत् गराइनेछ।

(६) उपदफा (४) बमोजिमको छनौटको कार्य सम्पादन हुने वित्तिकै मूल्याङ्कन गरिएका सोचपत्र तथा व्यावसायिक कार्ययोजना तथा सोको मूल्याङ्कनबाट प्रदान गरिएको प्राप्ताङ्कको विवरण सिलबन्दी खामभित्र राखिनेछ।

१५. **सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कनः** (१) सोचपत्र तथा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको लागि प्रत्येक उम्मेदवारलाई ३० (तीस) मिनेटको समय उपलब्ध गराइनेछ।

(२) सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको लागि आवश्यक विज्ञ आमन्त्रण गर्न सकिनेछ।

(३) सोचपत्र तथा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कन गर्दा सामान्यतया न्यूनतम ४० प्रतिशत र अधिकतम ७० प्रतिशत अङ्क दिन सकिनेछ।

तर, न्यूनतम र अधिकतम भन्दा घटी वा बढि अङ्क दिनुपर्ने भएमा विशेष कारण खुलाउनु पर्नेछ।

(४) सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको प्रत्येक मूल्याङ्कनकर्ताले छुट्टाछुट्टै फारममा गोप्य तरिकाले मूल्याङ्कन गर्नुपर्नेछ।

(५) सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन कार्य सकिनासाथ सबै मूल्याङ्कन फारमहरु सबै मूल्याङ्कनकर्ताको रोहवरमा शिलबन्द गरिने छन्।

परिच्छेद-६

## अन्तर्वार्ता, अङ्क गणना र नियुक्तिका लागि सिफारिस

१६. **व्यक्तिगत अन्तर्वार्ता:** (१) सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणमा सहभागी हुने उम्मेदवारलाई मात्र अन्तर्वार्तामा समावेश गराइनेछ।

(२) अन्तर्वार्ताको लागि प्रत्येक उम्मेदवारको लागि बढिमा ३० (तीस) मिनेटको समय निर्धारण गरिनेछ।

(३) उम्मेदवारलाई अन्तर्वार्ताको मिति, समय र स्थानको जानकारी गृह मन्त्रालयको वेबसाइट मार्फत् गराइनेछ।

(४) अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले दरखास्तसाथ पेश गरेका सबै सक्कल कागजात र प्रमाणपत्र सहित अन्तर्वार्ताका लागि तोकिएको समयभन्दा एक घण्टा अगाडि नै तोकिएको मिति, समय र स्थानमा उपस्थित भइसक्नु पर्नेछ।

(५) अन्तर्वार्तामा सामान्यतया न्यूनतम ४० प्रतिशत र अधिकतम ७० प्रतिशत अङ्क दिन सकिनेछ। तर, न्यूनतम र अधिकतम भन्दा घटी वा बढि अङ्क दिनुपर्ने भएमा विशेष कारण खुलाउनु पर्नेछ।

(६) अन्तर्वार्ताका मूल्याङ्कनकर्ताले छुट्टाछुट्टै फारममा गोप्य तरिकाले मूल्याङ्कन गरी तत्काल शिलबन्दी गरी गोप्य तरिकाले राखुपर्नेछ।

१७. **अन्तिम अङ्क गणना:** (१) अन्तर्वार्ताको चरण पूरा भएपछि शिलबन्दि अवस्थामा रहेका सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन फारमहरु खोली सबै मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कको औसत प्राप्ताङ्क अन्तिम अङ्क गणनाका लागि छुट्टाछुट्टै निकालिनेछ।

(२) अन्तर्वार्तामा समावेश भएका सबै उम्मेदवारको शैक्षिक योग्यता, तालीम र अनुभव वापतको प्राप्ताङ्क, सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको प्राप्ताङ्क, सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कनको प्राप्ताङ्क र अन्तर्वार्ताको प्राप्ताङ्कको अन्तिम गणना गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको एकमुष्ठ प्राप्ताङ्क निकालिनेछ।

१८. **योग्यताक्रम तथा सिफारिसः** (१) समितिले यस कार्यविधिको दफा १७ को उपदफा (२) बमोजिम सबैभन्दा बढि अङ्क प्राप्त गर्ने बढीमा तीन जना उम्मेदवारको नामावली योग्यताक्रमको आधारमा निर्धारण गरी प्राधिकरणको कार्यकारी प्रमुखको नियुक्तिका लागि गृह मन्त्रालयमार्फत नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिश गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिश गरिएका उम्मेदवारको नामावली सम्बन्धित सबैको जानकारीका लागि गृह मन्त्रालयको वेबसाइट मार्फत् प्रकाशन गर्न सकिनेछ।

परिच्छेद-७

## विविध

१९. **दरखास्त दस्तूरः** प्राधिकरणको कार्यकारी प्रमुख पदमा दरखास्त दिने उम्मेदवारले दरखास्त दस्तूर वापत रु.५,०००।- (रुपैया पाँच हजार) मात्र गृह मन्त्रालयले तोकेको बैङ्क खातामा जम्मा गरेको प्रमाण दरखास्तसाथ पेश गर्नुपर्नेछ।

२०. **विज्ञको सहयोग लिन सक्नेः** (१) समितिले सोचपत्र एवं कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ताको सिलसिलामा आवश्यकता अनुसार विज्ञको सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम विज्ञको सेवा लिनका लागि मूल्याङ्कन पूर्व विज्ञहरुको सूची तयार गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचीमध्येबाट सोचपत्र एवं कार्ययोजनाको मूल्याङ्कन, सोको प्रस्तुतीकरणको मूल्याङ्कन तथा अन्तर्वार्ताको मूल्याङ्कनका लागि आवश्यकता बमोजिम विज्ञलाई समितिको संयोजकले गोप्य रुपमा आमन्त्रण गर्न सक्नेछ।

२१. **कोडिङ्ग गर्न सकिनेः** दफा १४ बमोजिम उम्मेदवारहरुको सोचपत्र एवं व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गर्नुपूर्व आवेदकको परिचय गोप्य रहने गरी उम्मेदवारले पेश गरेका सोचपत्र एवं व्यावसायिक कार्ययोजनाको पुस्तिकाको बाहिरपट्टि कोड नम्बर राखिनेछ।

२२. **विभागीय स्वीकृति लिनु पर्नेः** प्राधिकरणको कार्यकारी प्रमुखमा आवेदन दिने व्यक्ति कुनै सार्वजनिक निकायमा वा कुनै गैरसरकारी संस्था वा अन्य कुनै संघ संस्थामा कार्यरत बहालवाला कर्मचारी वा अध्यापक वा शिक्षक भएमा निजले कार्यरत संस्थाको विभागीय स्वीकृति अनिवार्य रुपमा दरखास्तसाथ पेश गर्नु पर्नेछ।

२३. **सूचना प्रविधिको प्रयोग गर्न सक्नेः** समितिले ऐन तथा यस कार्यविधि बमोजिम प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि दरखास्तको प्राप्ति, दस्तुरको भुक्तानी, मूल्याङ्कन, छनौट तथा सिफारिस सम्बन्धी कुनै पनि कामका आवश्यक गोपनियता कायम हुने गरी सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ।

२४. **दरखास्त रद्द हुन सक्नेः** कुनै उम्मेदवारले गलत जानकारी दिएमा वा झुट्ठा कागज पत्र पेश गरेको फेला परेमा सिफारिस समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

२५. **खर्च सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक तथा कार्य सञ्चालनमा लाग्ने खर्चको व्यवस्थापन गृह मन्त्रालयले गर्नेछ।

(२) समितिको कार्यसम्पादनमा आमन्त्रित गरिने विज्ञको पारिश्रमिक सम्बन्धी व्यवस्था गृह मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ।

२६. **समितिको सचिवालय**: (१) समितिको सचिवालय गृह मन्त्रालयको प्रशासन महाशाखामा रहनेछ र समितिको लागि आवश्यक पर्ने कर्मचारी गृह मन्त्रालयले व्यवस्था गर्नेछ।

(२) समितिबाट सिफारिस सम्बन्धी कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात गृह मन्त्रालयको प्रशासन महाशाखाले यी कागजात बुझि आवश्यक संरक्षण गर्नु पर्नेछ।

२७. **आवश्यक निर्णय गर्न सक्ने**: समितिले ऐन तथा यस कार्यविधि बमोजिम प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिको लागि सिफारिस गर्नु पुर्व कुनै विषयमा निर्णय गर्नु पर्ने अवस्थामा आएमा आवश्यक निर्णय गर्न सक्नेछ।

अनुसूची १

(कार्यविधिको दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**दरखास्तको ढाँचा**

| उम्मेदवारको फोटो र दरखास्त फारममा पर्ने गरी दस्तखत गर्नु पर्नेछ |
|---|

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः कार्यकारी प्रमुख नियुक्तिका लागि दरखास्त।**

महोदय,

गृह मन्त्रालयको मिति २०८३।०२।२२ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख पदमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र उल्लिखित सूचना बमोजिमको योग्यता पूरा गरेकोले देहायका कागजात संलग्न राखी नियुक्तिका लागि यो दरखास्त आवेदन पेश गरेको छु ।

आवेदकको नामथरः
दस्तखतः
ठेगानाः
सम्पर्क मोबाइल न.:
इमेल
मितिः

**संलग्नः**

(क) उम्मेदवार स्वयंबाट प्रमाणित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

(ख) उम्मेदवार स्वयंबाट प्रमाणित एस.एल.सी. देखि माथिका सबै शैक्षिक योग्यताका प्रमाणपत्र, अनुभव सम्बन्धी प्रमाणपत्र र विपद् जोखिम सम्बन्धी विषयमा कार्यविधिमा उल्लेख भए बमोजिमको तालिमको प्रमाणपत्रको प्रतिलिपि।

(ग) उम्मेदवार हाल कुनै सार्वजनिक निकाय वा अन्य कुनै संघ/संस्थामा कार्यरत रहेको भएमा विभागीय स्वीकृति पत्रको सक्कल प्रति।

(घ) सम्बन्धित उम्मेदवारको स्वप्रमाणित व्यक्तिगत विवरण।

(ङ) उल्लेखित पदमा नियुक्तिका लागि दरखास्त आव्हान गरिएको सूचनामा उल्लेख गरिए बमोजिम उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरु अन्तर्गतको बुँदा (ङ), (च), (छ) र (ज) अनुसारको उम्मेदवारद्वारा हस्ताक्षरित स्वघोषणापत्र।

(च) उल्लेखित पदमा नियुक्तिका लागि दरखास्त आव्हान गरिएको सूचनामा उल्लेख भए बमोजिमको सोच पत्र (Vision Statement) र प्राधिकरणको पाँच वर्षे व्यावसायिक कार्ययोजना (Five-Year Business Plan) भएको सिलबन्दी खाम।

(छ) बैङ्कमा दरखास्त दस्तुर जम्मा गरेको प्रमाण।

अनुसूची-२

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखको छनौटका लागि उम्मेदवारको मूल्याङ्कनका आधार र मापदण्ड**

**(अ) शैक्षिक योग्यता, तालिम र अनुभव**

| सि.नं. | विवरण | अङ्कभार | कैफियत |
|---|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **१२** | |
| १.१ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर | १० | प्रथम श्रेणी — १० अङ्क<br>द्वितीय श्रेणी — ९ अङ्क<br>तृतीय श्रेणी — ८ अङ्क<br>(श्रेणी नछुट्टिएकाको हकमा तृतीय श्रेणीलाई निर्धारित अङ्क प्रदान गरिनेछ) |
| १.२ | विपद् सम्वन्धी विषयमा विद्यावारिधि (PhD) | २ | |
| **२** | **अनुभव** | **११** | |
| २.१ | विपद् व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा अधिकृतस्तर वा व्यवस्थापकीय तहको १० वर्ष कार्य अनुभव | ६ | |

| | | | |
|---|---|---|---|
| २.२ | विपद् व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा अधिकृतस्तर वा व्यवस्थापकीय तहको १० वर्ष भन्दा बढी अवधिको थप कार्य अनुभव | २ | १५ वर्षभन्दा माथिको अनुभव — २ अङ्क<br>१० देखि १५ वर्षको अनुभव — १ अङ्क |
| २.३ | विपद् सम्बन्धी क्षेत्रमा विशेषज्ञ भइ कार्य गरेको अनुभव | ३ | १० वर्षभन्दा माथिको अनुभव — ३ अङ्क ५-१० वर्षसम्मको अनुभव — २ अङ्क<br>५ वर्षसम्मको अनुभव — १ अङ्क |
| **३** | **तालिम** | २ | |
| ३.१ | विपद् जोखिम व्यवस्थापन सम्बन्धी विषयमा तालिम प्राप्त | २ | ३० कार्यदिन बराबर - २ अङ्क<br>१५ कार्यदिन बराबर – १.५ अङ्क<br>७ कार्यदिन बराबर - १ अङ्क |
| **(अ) को सि.नं. १, २ र ३ को जम्मा** | | **२५** | |

**(आ) सोचपत्र तथा व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन**

| **सि.नं.** | **विवरण** | **अङ्कभार** | | |
|---|---|---|---|---|
| **१** | **विषयवस्तुको ज्ञान** | **सोँचपत्र** | **व्यावसायिक कार्ययोजना** | **जम्मा** |
| १.१ | अवधारणागत स्पष्टता | २ | ३ | ५ |
| १.२ | समस्याको पहिचान | २ | ४ | ६ |
| १.३ | नवीन व्यवस्थापकीय सोच र मौलिकता | २ | ५ | ७ |
| १.४ | सूचना तथा तथ्याङ्कको प्रयोग | २ | ६ | ८ |
| १.५ | विश्लेषण क्षमता | २ | ७ | ९ |
| | **(आ) को जम्मा** | **१०** | **२५** | **३५** |

**पुनश्चः कृत्रिम बौद्धिकताको प्रयोग र नक्कल गरी तयार गरिएको सोचपत्र र व्यवसायिक कार्ययोजनालाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।**

**(इ) सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण**

| **सि.नं.** | **विवरण** | **अङ्कभार** | | |
|---|---|---|---|---|
| | **विषयवस्तुको प्रस्तुतीकरण क्षमता** | **सोचपत्र** | **व्यावसायिक कार्ययोजना** | **जम्मा** |

| | | | | |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरणको शैली तथा स्पष्टता | १ | ३ | ४ |
| २. | विषयवस्तुको स्पष्टता तथा प्रवाह | २ | ७ | ९ |
| ३. | आत्मविश्वास र प्रश्न सम्बोधनको क्षमता | १ | ३ | ४ |
| ४. | समय व्यवस्थापन | १ | २ | ३ |
| | **(इ) को जम्मा** | **५** | **१५** | **२०** |

**(ई) व्यक्तिगत अन्तर्वार्ता**

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | आत्मविश्वास | ४ |
| २. | बिषयवस्तुको स्पष्टता | ५ |
| ३. | व्यक्तित्व | ३ |
| ४. | तार्किक क्षमता | ३ |
| ५. | समरुपता (Consistency) | २ |
| ६ | अंग्रेजी र नेपाली भाषाको दक्षता | ३ |
| **जम्मा** | | २० |

**कूल पूर्णाङ्क (अ), (आ), (इ) र (ई) को जम्मा: १००**